प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा तहको (एक विषय) मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८२।०३।१३ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृती प्राप्त गरी परिषद्का आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा तथा निजी स्तरमा **प्रि-डिप्लोमा तहका सम्पुर्ण कार्यक्रमहरु** (२४ महिने अप्रेन्टिशिप कार्यक्रम समेत) सञ्चालन गर्ने शिक्षालयहरुका लागि परीक्षा सम्वन्धी बिनियमावली, २०७१ को नियम ३ ख (४) वमोजिम २०८० सालमा रजिष्ट्रेशन कायम भएका नियमित तर्फका **२०८१ कात्तिक/मंसिर(१२+६), २०८१ पौष (१५+३) मा बार्षिक परीक्षामा सम्मिलित भएका** र २०७९ सालमा रजिष्ट्रेशन कायम भएका नियमित तर्फका **२०८१ कात्तिक/मंसिर (अप्रेन्टिशिप २४ महिने)** मा वार्षिक परीक्षामा सम्मिलित परीक्षार्थीहरु मध्येवाट **सैद्धान्तिक तर्फ एक विषय मात्र अनुत्तीर्ण भएका** परीक्षार्थीहरुलाई **एक बिषयको मौका परीक्षा**का लागि परीक्षा शूल्क रु २००।- (अक्षेरुपी दुईसय मात्र) सहित तपशिलमा उल्लेख भए वमोजिम सम्वन्धित शिक्षालयहरुले उल्लेखित परीक्षार्थीहरुवाट परीक्षा आवेदन फाराम भराई तोकिएको स्थान र मितिमा फाराम वुझाउन हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) शर्तहरुः**

१. **शिक्षालयले ITMS Online मा आफ्नो User बाट Login गरी परीक्षार्थीको आवेदन फाराम Print गरी बितरण गर्नुपर्नेछ।**
२. शिक्षालयबाट एक बिषयको आंशिक परीक्षार्थीहरुको आवेदन फाराम ITMS Online मा Entry गरी आवेदन फाराम, समष्टिगत, Exam Sheet Roll तथा प्रवेश पत्रमा सहि छाप भएको फाइल खडा गरी रकम बुझाएको रसिद संलग्न गरी सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुमा दर्ता गर्नु पर्नेछ ।
३. परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्क पत्र/लेजरको फोटोकपी फाराम साथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।
४. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समय पछि प्राप्त आवेदन फाराम उपर कुनै कार्यवाही गरिने छैन ।
५. शिक्षालयले शर्त पूरा नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम समावेश गराइ परीक्षार्थीले परीक्षा दिएमा समेत त्यस्ता परीक्षार्थीहरुको नतिजा स्वतः रद्ध हुनेछ र त्यस्ता शिक्षालयलाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ ।
६. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाईएमा आवेदन फाराम बुझिने छैन ।

**(ख) परीक्षा आवेदन फाराम वुझाउने स्थान, मिति तथा परीक्षा संचालन मिति, समय र परीक्षा केन्द्रहरु :**

१. आवेदन फाराम बुझाउनेः मिति २०८२ साल असार १३ गते देखि मिति २०८२ साल असार १९ गते सम्म शिक्षालयमा
२. शिक्षालयले ITMS मा Online Entry गर्ने : मिति २०८२।०३।१९ गते
३. शिक्षालयले सम्वन्धित परिषद्, प्रदेश कार्यालयको खातामा रकम दाखिला गरेको बैंक भौचर Upload गर्ने : मिति २०८२ साल असार २० गते र फाराम बुझाउने असार २२ गते
४. परीक्षा संचालन हुने मिति : २०८२ साल असार २८ गते शनिवार बिहान ८:०० बजे
५. परीक्षा केन्द्रहरु : प्रत्येक प्रदेशमा १ (एक) वटा मात्र परीक्षा केन्द्र कायम हुनेछ । परीक्षा केन्द्रको नाम १ हप्ता अघि प्रकाशन गरिनेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिने छ ।**

**परीक्षा नियन्त्रक**